७०. **अस्थायी नियुक्ति** – स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २१६ मा स्थानीय निकायको रिक्त पदमा पदपूर्ति समितिले सिफारिस गरेको उम्मेदवारलाई सम्बन्धित स्थानीय निकायको निर्णय अनुसार सचिवले नियुक्ति दिने, तर स्वीकृत दरवन्दीमा बाहेक कुनैपनि पदमा नियुक्ति गर्न नपाइने तथा स्वीकृत दरवन्दीमा पनि अस्थायी ज्यालादारी वा अन्य कुनैप्रकारबाट नियुक्ति गर्न नपाइनेमा ५ कर्मचारी भर्ना गरी यो वर्ष रु.३ लाख ४५ हजार पारिश्रमिक भुक्तानी गरेको छ ।

७१. **सामान फिर्ता** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १२३(१) बमोजिम कर्मचारी तथा पदाधिकारी सेवामुक्त हुँदा आफ्नो जिम्मामा रहेका नगद तथा जिन्सी बुझाउनुपर्ने व्यवस्था छ । जिल्ला विकास समितिका २ पूर्व पदाधिकारीले विभिन्न समयमा रु.८३ हजारको सामान बुझी लिएकोमा फिर्ता गरेको देखिएन ।

- **स्थानीय विकास कोष** –

७२. **ऋण परिचालन** – कार्यक्रम लागू भएका गाउं विकास समितिका समूहसँग सम्झौता गरी ऋण रकम वितरण गर्नुपर्नेमा सदस्यसँगको सम्झौता, ऋण वितरण भरपाई लगायतका प्रमाण स्रेस्तासाथ संलग्न नगरी रु.२ लाख ७ हजार ऋण वितरण गरेको छ । सम्बन्धित कर्मचारीबाट उक्त रकम समूहमा बुझाएको भरपाई कार्यालयमा पेश गर्न आवश्यक कारबाही भईरहेको कार्यालयबाट प्रतिक्रिया प्राप्त भएको छ ।